# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पुनर्वास, कञ्चनपुर
७ नं.प्रदेश, नेपाल

**प्रथमपटक प्रकाशित मिति :-२०७५।०२।२५**

स्थानीय तह सञ्चालन ऐन, २०७४ अनुसार यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विदेशी सवारी साधन कर उठाउने देहाय अनुसारका कर सम्बन्धी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले यस कार्यालयबाट आ.व.२०७५/०७६ का लागि आन्तरिक आय संकलनको ठेक्का बोलकबोल गर्न नियमानुसार तोकिएको तपसिलका शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्रको माध्यमबाट बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**ठेक्का शर्तहरु**

१. ठेक्काको बोलपत्र खरिद बापत लाग्ने दस्तुर नगदै वा राष्ट्रिय वाणिज्य बैंक, शिवसरोजस्थल, कञ्चनपुर मा यस कार्यालयको हि.न.४२१०३०४०१८१०२ मा जम्मा गरेको बैंक भौचरका साथै संस्था दर्ता प्रमाण-पत्र, कर दर्ता प्रमाण-पत्र (मु.अ.क समेत) र आ.व. २०७३/७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्वघोषणा पत्र सहितको निवेदन पेश गरी यस कार्यालयबाट खरीद गर्न सकिनेछ । साथै एउटा फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले पेश गर्न पाईने छैन ।

२. ठेक्काको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र खरीद गरी ३१ औं दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे देखि बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहबरमा यस कार्यालयमा खोलिने छ । तर प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता गर्ने तथा खोल्ने मितिमा बिदा परेमा सो कार्य बिदा पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रीत नपुगेको कुनै शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

४. बोलपत्र दर्ता गर्दा बोलपत्रसाथ कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस पुनर्वास नगर कार्यपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, शिवसरोजस्थल शाखामा रहेको धरौटी खाता नं.४२१०३०३००७१०२ मा जम्मा गरी सो को सक्कलै भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको ९० (नब्बे) दिन म्याद भएको बिडबोण्ड बोलपत्रसाथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. बोलपत्र दर्ता गराई सकेपछि संसोधन गर्न वा फिर्ता लिन पाईने छैन ।

७. बोलपत्र दोहोरो दर्ता भएमा दुवै बोलपत्र नखोली अस्वीकृत गरिने छ ।

८. प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सवै बोलपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सकिने छ ।

९. सूचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०६३ तथा सार्वजनिक खरिद (पांचौं संशोधन) नियमावली, २०६४ अनुसार हुनेछ । साथै कुनै संशोधन भएमा यस कार्यालयको सुचना पाटीमा सुचना टांस गरि जानकारी गराईनेछ ।

१०. ठेक्का सम्बन्धी विस्तृत जानकारी कार्यालयको फोन नं.०९९-४२००५४ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

**ठेक्काको विवरण**

| सि.न. | ठेक्का नम्बर | गर्नुपर्ने कामको विवरण | आ.व.२०७५/०७६को न्यूनत्तम कबोल अंक ( मु.अ.कर बाहेक ) | बोलपत्र दस्तुर रकम रु. |
|---|---|---|---|---|
| 1 | PUN/MUN/074-075-040 | विदेशी सवारी साधन कर उठाउने कार्य, पु.न.पा.-११, डोकेबजार, मोहना ब्यारियल | ३१,५०,४००।०० | ३,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत